# शोध सारांश

**सानुभाइ शर्माको गद्यरचनामा व्यङ्ग्य चेतना** शीर्षक शोधप्रबन्ध अन्तर्गत विशेषतः शर्माका प्रकाशित कथा, निबन्ध र नाटकलाई केन्द्रित गरी प्रकाशित सात कृतिहरूमा निहित व्यङ्ग्यको विश्लेषणात्मक एवम् विवेचनात्मक अध्ययन गरिएको छ। व्यङ्ग्यको चर्चामा हास्यको संलग्नता अनिवार्य रूपमा रहेका हुनाले हास्य र व्यङग्यलाई परम्परादेखि नै जोडेर हेर्ने प्रचलन रहेको पाइन्छ। जब व्यङ्ग्य प्रखर हुँदै जान्छ हास्य त्यसबाट बिस्तारै अलग भएको देखिन्छ। गुणका दृष्टिले हास्यलाई दुई वर्गमा विभाजित गरिएको पाइन्छ शुद्ध हास्य र उपहासात्मक हास्य। प्रस्तुत शोधप्रबन्धको शीर्षक सानुभाइ शर्माको गद्यरचनामा व्यङ्ग्य चेतना भए तापनि यसमा केवल व्यङ्ग्यको मात्र अध्ययन नभएर हास्यलाई पनि समावेश गरिएको छ।

व्यङ्ग्यको लडाईँ सत्य तथा न्यायको रहन्छ भन्ने विद्वानहरूको मन्तव्य रहेको पाइन्छ। व्यङ्ग्यकारको उद्देश्य केवल एक पक्षको सुधार मात्र नभएर सम्पूर्ण समाजको सुधार गर्नु रहेको देखिन्छ। मनोरञ्जनका निम्ति नभएर व्यक्तिगत एवं सामाजिक कुरूपता, विसङ्गति अनि दोषको जाँच गरेर स्वास्थ्य समाजको निर्माणका निम्ति व्यङ्ग्य गर्ने गरिन्छ। रचनाहरूको माध्यमबाट सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, पारिवारिक तथा वैयक्तिक विसङ्गति, विरोधाभास एवं विकृतिहरूलाई व्यङ्ग्य गरेर यसलाई जडदेखि नै सुधार गर्ने लक्ष्य व्यङ्ग्यकारको रहेको देखिन्छ। व्यक्तिका आनीबानी, व्यवहार, क्रियाकलाप, सामाजिक मूल्य र मान्यता तथा समाज एवम् देशका अनेक व्यवस्थाहरूमा व्याप्त विकृति र विसङ्गतिहरूलाई विषयवस्तु बनाएर तीव्रताका साथ व्यङ्ग्यकारले व्यङ्ग्यवाण गरेको पाइन्छ।

पाश्चात्य विद्वानहरूले व्यङ्ग्यलाई विनोदात्मक चमत्कार तथा आनन्दको सृजना गर्ने एउटा माध्यम मानेका छन्। व्यङ्ग्यलाई साहसिक साहित्यिक कार्य मान्दै मानवीय दोष र मूर्खताको अवरोधका निम्ति यस्को प्रयोगलाई स्वीकारिएको छ। समाजको वास्तविकता उद्घाटन गर्नका निम्ति हास्य भन्दा बढी व्यङ्ग्य उपयुक्त ठहरिन्छ भन्ने मत विभिन्न विद्वानहरूको रहेको देखिन्छ। हास्यको सम्बन्ध हृदयसँग हुन्छ अनि व्यङ्ग्यको सम्बन्ध मस्तिष्कसँग रहन्छ। समाजको विसङ्गति, पाखण्ड, दुराचार, अनाचार आदिप्रति लेखकले जिम्मेवारीपूर्वक गैरजिम्मेवारी तत्त्वहरूको निराकरणका निम्ति अभिव्यक्ति दिँदछ।

व्यङ्ग्यमा समाज सुधार गर्ने तथा समाजलाई परिवर्तन गर्ने भावना प्रमुख रहेको पाइन्छ। प्राकृतिक रूपले चलिरहेको स्वाभाविक गतिमा अस्वाभाविकता देखिए अथवा चैतन्य विरोधी कार्य भएका अवस्थामा त्यहाँ स्वतः हाँसोको सृजना भएको पाइन्छ।

हास्यव्यङ्ग्यलाई साहित्यको विविध विधामा देखापर्ने शैली मानिन्छ। लक्ष्मीप्रसाद देवकोटाले हास्य र व्यङ्ग्यको भिन्नतातिर सङ्केत गर्दै बौद्धिक तहमा तनाउ जन्माउन नसक्ने हाँसो हास्य मात्र हो व्यङ्ग्य होइन भनेका छन्। हास्य र व्यङ्ग्य माझको अन्तर क्षीण र अस्पष्ट हुनाले दुवैलाई एका अर्कादेखि पृथक गर्न कठिन रहेको देखिन्छ। हास्य र व्यङ्ग्य माझ आन्तरिक सम्बन्ध रहेको हुन्छ तापनि उद्देश्य तथा प्रयोजनको आधारमा भने यी दुवैको अर्थ पृथक रहेको देखिन्छ। हास्यको प्रयोजन पाठकवर्गलाई मनोरञ्जन प्रदान गर्नु हो तर मनोरञ्जनका निम्ति व्यङ्ग्य प्रहार गरिँदैन। हास्यमा मनोरञ्जनकारी तत्त्व रहेको हुन्छ भने व्यङ्ग्यको मूल उद्देश्य आक्षेपद्वारा दोष सुधार गर्नु रहेको हुन्छ। हास्यको सम्बन्ध स्पष्टतः हृदयको उनमुक्तता (मनोरञ्जन)-सँग रहन्छ भने व्यङ्ग्यको सम्बन्ध मस्तिष्क मन्थनसँग रहेको पाइन्छ। हास्यको एउटामात्र उद्देश्य पाठकलाई हँसाउनु रहेको देखिन्छ तर व्यङ्ग्यले सामाजिक त्रुटिहरू मीठी शैलीमा उदाङ्गो पारिदिन्छ।

न्यून पात्र-पात्रालाई प्रयोग गरेर कथातत्त्वको निर्वाह गर्ने शर्माका कथाहरूले जीवनको वास्तविकताको उद्घाटन गरेको देखिन्छ। उनका निबन्ध परात्मक वा वस्तुपरकभन्दा बढी आत्मपरक वा निजात्मक देखिन्छन्। हास्यव्यङ्ग्य निबन्ध लेखकहरूमा लक्ष्मीप्रसाद देवकोटा, भैरव अर्याल, अच्छा राई रसिक, त्रिलोक राई, केशवराज पिंडाली, रामलाल अधिकारी आदिको योगदान महत्त्वपूर्ण रहेको देखिन्छ। यसै परम्परा अन्तर्गत देखिएका शर्माले आफ्ना उत्कृष्ट रचनाहरूका माध्यमबाट हास्यव्यङ्ग्य क्षेत्रमा आफ्नो स्थान सुरक्षित गरेका देखिन्छन्। सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, शैक्षिक, सांस्कृतिक क्षेत्रमा देखिएका विकृति एवम् विसङ्गतिलाई शर्माले विशिष्ट शैलीका माध्यमबाट व्यङ्ग्य गर्दै सुधारको अपेक्षा गरेका छन्। यसर्थ सानुभाइ शर्मालाई नेपाली साहित्य जगतका एकजना सफल हास्यव्यङ्ग्यकार मानिएको पाइन्छ।

विविध क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिले समाजलाई नकारात्मक प्रभाव पुऱ्याएको देखिन्छ। उनका रचनाहरूमा ध्वनि, शब्द, पदावली, उपवाक्य, वाक्य एवम् भाषिक सौन्दर्य अन्तर्गत अलङ्कार,

झर्रा शब्द, उखान, तुक्का तथा वक्रोक्ति आदिको प्रयोगबाट गरिएको भाषिक तथा शैलीगत व्यङ्ग्य तीक्ष्ण र प्रभावकारी बनेको पाइन्छ। सरल, सुबोध एवम् प्रतीकात्मक भाषाका प्रयोक्ता शर्माका रचनामा उखान, टुक्का, वाग्धारा एवम् झर्रा शब्दहरू प्रशस्त भेटिन्छन् जसले रचनाहरूलाई रोचक बनाएको देखिन्छ। विगतका अनुभव एवम् समकालिन परिवेश अनि परिस्थितिमा व्याप्त विकृति र विसङ्गतिहरूका आधारमा कथा, निबन्ध र नाटकको विषयवस्तु गठन गर्नु शर्माको वैशिष्ट्य रहेको पाइन्छ।

यथार्थ तथा समसामयिक घटनाहरूका सापेक्षतामा प्रशस्त लोकोक्तिको प्रयोग गरेर शर्माले व्यङ्ग्य गरेका छन्। 'बाबुको विहे' (बाबुको विहे देख्नु), 'कानो गोरू' (कानो गोरु औँसी न पूर्णे), 'जाँगर न साँगर' (जाँगर न साँगर खानेबेलामा आँगर), 'बाह्र छोरा तेह्र नाति' (बाह्र छोरा तेह्र नाति बुढाको धोक्रो काँधै माथि), 'बोल्नेको पिठो बिक्छ' (बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन), 'मुसो र भ्यागुतो' (धान खाने मुसो चोट खाने भ्यागुतो) जस्ता लोकोक्तिहरूलाई रचनाका शीर्षक बनाएर विषयवस्तुको रूपमा यी उखानहरूको व्यञ्जनात्मक भाव प्रस्तुत गर्नु उनको विशेषता रहेको पाइन्छ।

कथामा थोरै पात्र-पात्राको प्रयोग गर्दै यथार्थ घटनालाई विषयवस्तु बनाएर कथातत्त्वको निर्वाह गर्ने शर्माले संस्मरणात्मक भाषाशैलीको पनि प्रयोग गरेको पाइन्छ। समकालीन समयमा रहेर बितेका समयको वर्णन गर्नु र वर्तमान समयमा आएका कृत्रिम परिवर्तनप्रति व्यङ्ग्य गर्नु उनको विशेषता रहेको देखिन्छ। 'अतीत र वर्तमान', 'पुरानो कुरा', 'मैतालु लिन भनी जाँदा', 'विवाहित ब्रह्माचारी', 'मानिस समयको छालमा' आदि यसका उत्कृष्ट उदाहरणहरू देखिन्छन्।

शर्माले समाजमा व्याप्त विकृति एवम् विसङ्गतिलाई रचनाको विषयवस्तु चयन गरेको देखिन्छ। प्रथम चरणका कथाहरूमा उनले निम्नवर्गका ग्रामीण पात्रहरूको प्रयोग गरेका छन्। 'ऊ हाँसेको दिन'-को पात्र वीरध्वजलाई यसको उत्कृष्ट उदाहरण मान्न सकिन्छ। 'दुई नदी एक स्रोत' कथामा खान र लाउनका अभावमा परेका निम्नतहका मानिसहरूलाई लोभ र लालच देखाएर धर्म परिवर्तन गर्न बाध्य बनाएको गम्भीर वास्तविकतालाई विषयवस्तुका रूपमा प्रस्तुत गरी शर्माले व्यङ्ग्य गरेका छन्। अतः समाजका निम्नदेखि उच्च तप्काका विषयवस्तुलाई आफ्ना रचनामा प्रश्रय दिएर नकारात्मक स्थितिप्रति उनले व्यङ्ग्यात्मक प्रहार गरेको देखिन्छ।

समाज के हो अनि यो कुन दिशा तर्फ अग्रसर छ भन्ने विषयलाई सभ्य समाजले ठम्याउन सकेको छैन। विभिन्न धर्मावलम्बीले आ-आफ्ना धर्मका आधारमा समाजको व्याख्या गरेकाले यसप्रति विविध मत र मान्यता रहेका देखिन्छन्। विविध धर्म, जाति तथा संस्कृतिका आधारमा समाज विभाजित भए तापनि नैतिक ज्ञानशुन्य वर्तमान समाजको भविष्य अन्धकारमय रहेको देखिन्छ। विश्वमा विविधताका विपरित जाति, धर्म र संस्कृतिको उत्थानले मात्र मानव सभ्यता अक्षुण्ण रहन्छ भन्नेप्रति निबन्धकारको दह्रो आस्था रहेको पाइन्छ।

आधुनिक युवा नकारात्मक व्यवहार एवम् कुलतमा फँसेका कारण उनीहरूमा कर्तव्यनिष्ठ भइ समाजलाई उचित दिशा तर्फ लैजाने क्षमताको न्यूनता देखिन्छ। नयाँ पीँढिलाई नैतिक ज्ञान र योगाभ्यासको शिक्षा दिन अति आवश्यक प्रतित हुन्छ। प्राचीन समयदेखि ऋषिमुनिहरूको अनुसरणमा हुँदै आएका योगाभ्यासले उनीहरूको शरीरलाई मात्र नभएर वातावरणलाई नै स्वस्थ बनाएका घटनाहरू देखिन्छन्। भारतीय संस्कृतिको अभिन्न अङ्ग मानिने योग विद्या वर्तमान समयमा विश्वप्रसिद्ध भएको पाइन्छ। यस विद्याले स्वास्थ्य लगायत काम, क्रोध, लोभ, मोह तथा अहङ्कार जस्ता तामसी गुणहरूलाई निर्मूल पार्नसक्छ भन्ने मान्यता पाइन्छ। प्रत्येक युवा स्वस्थ तथा सत्मार्गमा हिँड्यो भने प्रत्येक परिवार अनि सम्पूर्ण समाज तथा देश नै स्वस्थ, स्वच्छ तथा सत्मार्गी भइ देशको उत्तरोत्तर प्रगति हुन्छ भन्ने सुधारात्मक चेतना उनका रचनाहरूमा व्याप्त रहेको पाइन्छ।

जीवनको यथार्थ चित्रण गर्ने शर्माका रचनाहरूमा सामाजिक विसङ्गति, विकृति, आर्थिक शोषणमा जकडिएको परिस्थिति, जातीय संस्कृतिको सम्वर्धन र संरक्षण गर्ने हेतुले रूढिवादी परम्पराको विरोध, अन्याय-अत्याचारप्रति आक्रोश आदि व्यक्त भएको पाइन्छ। नेपाली साहित्यका हास्यव्यङ्ग्य क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटा, भैरव अर्याल, केशवराज पिँडाली, अच्छा राई रसिक, त्रिलोक राई, रामलाल अधिकारी जस्ता प्रतिष्ठित साहित्यकारका पछि वर्तमान परिपाटी र मूल्य मान्यताको साहित्यिक रचना गर्ने वासुदेव शर्मा लुईँटेल, विष्णु प्रभात जस्ता हास्यव्यङ्ग्य लेखकहरू कै हाराहारीमा सानुभाई शर्माको स्थान निर्धारण गर्न सकिन्छ। यसै परम्परालाई निरन्तरता दिँदै एल डी राई मिक्खोले, आर सी शर्मा, कृष्ण प्रधान आदि पनि देखिन्छन्। सामाजिक यथार्थवादी एवम् प्रगतिवादी प्रवृत्तिलाई अँगाल्दै

साहित्यिक रचना गर्ने शर्माले वर्तमान समाजमा रहेका विकृति एवम् विसङ्गतिप्रति व्यङ्ग्य गर्दै सुधारको अपेक्षा गरेको देखिन्छ।

तिरस्कारपूर्ण, घृणास्पद तथा रोषपूर्ण स्थितिप्रति कलात्मक ढङ्गमा व्यक्त हुने शैलीलाई व्यङ्ग्य मानिएको छ। शर्माका उल्लिखित सातवटा सङ्ग्रह भित्रका रचनाहरूमा समाजमा देखिएका विभिन्न विकृति र विसङ्गतिहरूलाई उदाङ्गो पारिएको देखिन्छ। व्यक्तिले निस्वार्थ भइ देश तथा समाज सुधार गर्नु पर्ने विषयलाई उनका रचनाहरूले अभिव्यक्त गरेको पाइन्छ। राजनीतिक क्षेत्रमा देखिएका असामान्य गतिविधिले राज्य तथा राष्ट्रलाई पुऱ्याउन सक्ने विपत्तिप्रति उनी चिन्तित देखिन्छन्। व्यक्तिगत स्वार्थका निम्ति कार्य गर्ने नेताहरूको गलत प्रवृत्तिलाई निर्मूल गरी निस्वार्थ भावले देश र जनताको कार्यमा सङ्लग्न हुने आग्रहहरू उनका रचनाहरूका द्योतक हुन्।

सानुभाइ शर्मा साहित्यिक यात्राको प्रारम्भदेखि अन्तिम समयसम्म यथार्थवादी धरातलमा उभिएर रचना गर्ने साहित्यकार हुन्। विविध विधामा कलम चलाए तापनि हास्यव्यङ्ग्य निबन्ध विधामा नै उनको कलम बढी सक्रिय रहेको पाइन्छ। नेपाली निबन्ध लेखन क्षेत्र अन्तर्गत सामाजिक यथार्थवादी एवम् प्रगतिवादी साहित्यकारहरूमा राजेन्द्र सुवेदी, मीनबहादुर विष्ट, विष्णु प्रभात, वासुदेव लुईंटेल, अच्छा राई रसिक, रामलाल अधिकारी, केशवराज पिँडाली आदि देखापर्दछन्। यसै क्रममा देखापरेका सानुभाइ शर्मालाई सामाजिक यथार्थवादी क्षेत्रमा प्रभावकारी हास्यव्यङ्ग्यकार रहेका देखिन्छन्। यथार्थ घटनालाई एवम् व्यक्तिले दैनन्दिन भोगिरहेका समस्याको कारण प्रष्ट्याउँदै त्यसप्रति व्यङ्ग्यात्मक प्रहार उनका रचनाहरूले गरेको देखिन्छ। सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक आदि विषयवस्तुमा आधारित उनका रचनाहरूले समाजमा रहेका नकारात्मक पक्षप्रति व्यङ्ग्य गर्दै त्यसलाई निर्मूल गर्ने सुधारात्मक भावना व्यक्त गरेका छन्। अतः नेपाली साहित्यको सामाजिक यथार्थवादी एवम् प्रगतिवादी फाँटमा साठीको दशकदेखि प्रवेश गरेका सानुभाइ शर्मालाई एकजना सफल हास्यव्यङ्ग्यकार मान्न सकिन्छ।